ADVOCACY FORUM-NEPAL
एड्भोकेसी फोरम नेपाल
Lawyers Forum for Human Rights & Rule of Law

REDRESS
Ending Torture, Seeking Justice for Survivors

JuRI-Nepal

TRIAL International

# द्वन्द्वकालमा भएको यौन हिंसासम्बन्धी मुद्दामा संयुक्त राष्ट्रसंघको ऐतिहासिक निर्णय

## नेपालले बलात्कार पीडितको मुद्दामा अनुसन्धान, अभियोजन र पीडितलाई क्षतिपूर्ति दिनुपर्ने आग्रह

**तत्काल प्रकाशनका लागि**

**११ श्रावण २०७४ -** संयुक्त राष्ट्रसंघको मानवअधिकार समितिले नेपालमा एक दशक लामो द्वन्द्वको समयमा एक महिलामाथि गरिएको बलात्कारको मुद्दामा घटनाको अनुसन्धान, अभियोजन र अपराधमा संलग्न व्यक्तिहरूलाई दण्डित गर्न तथा पीडित महिलालाई पूर्ण परिपूरण दिन नेपाल सरकारलाई आग्रह गरेको छ।

यो द्वन्द्वको समयमा यौन हिंसाका अन्य पीडितहरुको हकमा समेत सकारात्मक परिणाम ल्याउन सक्ने ऐतिहासिक निर्णय हो।

समितिले नेपाल सरकारलाई यस्तै किसिमका अन्य ज्यादतीहरूलाई रोक्न तथा बलात्कार पीडितहरूका लागि न्यायमा पहुँच सुनिश्चित गर्नका लागि ठोस उपाय अपनाउने लगायतका कदम चाल्न समेत आग्रह गरेको छ।

नेपाली सैनिकहरूबाट सामूहिक बलात्कारको शिकार भएकी एउटी पीडित महिलाले सन् २०१२ मा समितिसमक्ष प्रस्तुत गरेको मुद्दामा समितिले निर्णय दिएको हो। दैलेख जिल्लाकी पूर्णमाया (उनको गोपनीयताको सुरक्षाका लागि नाम परिवर्तन गरिएको) ले नेपालमा न्याय नपाएपछि उक्त मुद्दा समितिसमक्ष प्रस्तुत गरेकी थिइन्। उनलाई मानवअधिकारवादी संगठनहरू एड्भोकेसी फोरम-नेपाल र रिड्रेसले प्रतिनिधित्व गरेका थिए।

पूर्णमायालाई सन् २००४ मा उनको घरबाट घिसार्दै सैनिक ब्यारेक लगेर चारजना सैनिकले बलात्कार गरेका थिए र पछि सडकमा अलपत्र छोडिदिएका थिए। उनलाई गम्भीर चोटपटक लाग्यो। योनीवाट रगत बगिरहने समस्याका कारण उनले गर्भाशयको शल्यक्रिया गराउनुपर्‍यो। उनी गम्भिर मानसिक तथा शारीरिक समस्याबाट पनि ग्रस्त भइन्। बलात्कार पश्चात उनी आफ्नी छोरीसँग अर्को जिल्लामा सरिन्, उनको सानो चियापसल बन्द भयो र उनीहरू आन्तरिक विस्थापित भए।

उनले अधिकारीसमक्ष अपराधका बारेमा सूचना दिएपछि र सन् २००६ मा पीडक भनिएको व्यक्तिलाई चिनेपछि पनि उनको मुद्दामा दश वर्ष बितिसक्दा पनि कुनै अनुसन्धानको थालनी गरिएको छैन। सन् २०११ मा उनका वकिल तथा कैयौं नेपाली महिला अधिकारवादी संगठनहरूलाई प्रहरीसमक्ष उनको उजुरी दर्ता गर्नबाट अवरोध गरियो किनकि तत्कालीन नेपाली कानून अनुसार बलात्कार मुद्दाको उजुरी घटना भएको ३५ दिनभित्र प्रहरीसमक्ष दर्ता गर्नुपर्छ। मुद्दा दर्ता गराउनका लागि सर्वोच्च अदालतसमक्ष गरिएको रिट निवेदन पनि असफल भयो जसका कारण उनले नेपालमा न्याय पाउने बाटो नै रहेन।

सन् २०१२ मा एड्भोकेसी फोरम र रिड्रेसले समितिसमक्ष एउटा उजुरी प्रस्तुत गर्दै पीडितको मानवअधिकारको गम्भीर उल्लंघनका लागि नेपाल सरकार जिम्मेवार भएको आरोप लगाए।

उजुरीले नेपाली समाजमा महिलाको अवस्था र द्वन्द्वको समयमा गरिएको यौन हिंसाका मुद्दामा सरकारले देखाएको अकर्मण्यताको जाँचबुझ गऱ्यो ।

एड्भोकेसी फोरम-नेपाल र रिड्रेसले पूर्णमाया यातना, यौनहिंसा, स्वेच्छाचारी थुना, अमानवीय व्यवहार तथा विभेदबाट पीडित भएको र नेपालले सन् १९९१ मा पक्षराष्ट्र बनेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध विपरीत रहेको तर्क गरेका थिए । विशेषगरी उजुरीले बलात्कारको प्रकृतिलाई यातनाको एक रूप तथा पक्षराष्ट्रले यसमाथि कार्वाही गर्नुपर्ने बाध्यतालाई जाँचबुझ गरेको थियो र बलात्कारको उजुरीका लागि छोटो हदम्याद विभेदकारी तथा अनुबन्ध अन्तर्गत नेपालको दायित्व विपरीत रहेको भनी तर्क गरेको थियो ।

सर्वोच्च अदालतका कैयौं आदेश पश्चात् सन् २०१५ को नोभेम्बरमा नेपालमा बलात्कारका मुद्दाको हदम्याद ३५ दिनबाट बढाएर १८० दिन पुऱ्याइएको छ तर यो हदम्यादले गर्दा पीडितहरूले सशस्त्र द्वन्द्वको समयमा भएका घटनामा जाहेरी दर्ता गराउन पाउँदैनन् ।

हालै सार्वजनिक गरिएको आफ्नो निर्णयमा समितिले पूर्णमायामाथि यातना, स्वेच्छाचारी थुना, अमानवीय व्यवहार र विभेद गरिएको स्वीकार गऱ्यो । उसले नेपाललाई मुद्दाको अनुसन्धान गर्न, अपराधमा जिम्मेवार व्यक्तिलाई अभियोजन, अदालती कारवाही र सजाय दिन तथा पीडितलाई उचित क्षतिपूर्ति दिन र उपचार खर्चको भरपाई गर्न नेपाललाई आग्रह गरेको छ ।

समितिले नेपाललाई राष्ट्रिय कानूनअन्तर्गत यातनालाई फौजदारी अपराध बनाउन तथा बलात्कार पीडितहरूलाई न्यायप्राप्तिमा रहेका अन्य बाधाहरू हटाउन समेत आग्रह गरेको छ । उजुरी गर्ने क्रममा, अनुसन्धानका बखत तथा कानूनी प्रक्रियाका दौरान पीडितहरूको गोपनीयता र सुरक्षाको सुनिश्चितता गर्ने अनि महिलाविरुद्धको हिंसासम्बन्धी तालिम दिने र सचेतना बढाउने अभियान सञ्चालन गर्ने तथा पीडितहरूलाई पर्याप्त सुरक्षा दिने लगायतका ठोस उपाय अपनाउन पनि नेपाललाई समितिले आग्रह गरेको छ ।

आफ्नो निर्णयमा समितिले बलात्कारको मुद्दामा यसअघि रहेको ३५ दिने हदम्यादको व्यवस्था *‘अकारण रूपमा छोटो’* र *‘अपराधको गम्भीरता तथा प्रकृतिसँग पटक्कै मेल नखाने तथा महिला नै बढीजसो बलात्कारको पीडित हुने भएकाले यसको नकारात्मक असर महिलामाथि बढी नै पर्ने’* भनी टिप्पणी गरेको छ ।

‘द्वन्द्वकालको यौन हिंसामाथि नेपालले कारवाही नगर्दा पीडकहरूलाई दण्डहीनताको वातावरण बन्ने तथा पीडितहरूले कलंक र असुरक्षा महसूस गर्ने अवस्थालाई योगदान पुऱ्याएको छ । हामीहरू संयुक्त राष्ट्रसंघको मानवअधिकार समितिका निष्कर्षको स्वागत गर्छौं र नेपाल सरकारलाई अविलम्ब कानून संशोधन गर्नका लागि आह्वान गर्छौं,’ रिड्रेसकी निर्देशक कार्ला फेर्स्टम्यानले भनिन् ।

‘पीडितहरूलाई न्याय दिन तथा उनीहरूको न्यायप्राप्तिमा रहेका सबै बाधा अवरोधहरु हटाउन आवश्यक कदमहरु उठाउन नेपाल सरकारलाई यो अर्को आह्वान हो,’ एड्भोकेसी फोरम-नेपालका निर्देशक ओम प्रकाश सेन ठकुरीले बताए ।

‘राज्यले न्यायिक उपचारको पहुँचमा नियन्त्रण गर्ने सबै अवरोधहरुलाई तत्कालै हटाउन पहल गर्नुपर्छ जसले गर्दा मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्डहरूको अनुपालन हुने गरी न्यायमा पहुँचको आधारभूत अधिकार उपभोग गर्न सहज हुन्छ,’ जुरी-नेपालका अध्यक्ष राज प्रसाद चापागाईंले भने ।

त्यसैले हामी नेपाल सरकारसमक्ष निम्नबमोजिम आग्रह गर्दछौं :

१. मुद्दामा अनुसन्धान तथा पीडकहरूलाई अभियोजन तथा दण्डित गरेर संयुक्त राष्ट्रसंघ मानवअधिकार समितिको निर्णय तत्काले लागू गर्ने,

२. पीडितलाई सबै आवश्यक पुनःस्थापना र स्वास्थ्य उपचारमा पहुँच सुनिश्चित गर्ने,

३. पीडितलाई प्रभावकारी तथा पूर्ण परिपूरण दिने,

४. पीडित र उनको परिवारको गोपनीयता र सुरक्षा सुनिश्चित गर्ने,

५. यातना तथा बेपत्तालाई कानूनतः सरकारवादी भइ चलाइने फौजदारी अपराध बनाउने,

६. बलात्कारको अभियोजनमा सबै किसिमका हदम्याद हटाउने,

७. भविष्यमा हुनसक्ने ज्यादतीलाई रोक्न तथा बलात्कार पीडितलाई न्याय प्राप्तिमा हुने अवरोध हटाउनका लागि ठोस कदमहरू चाल्ने ।

ओम प्रकाश सेन ठकुरी,

निर्देशक, एड्भोकेसी फोरम-नेपाल

कार्ला फेर्स्टम्यान

, निर्देशक, रिड्रेस

राजु प्रसाद चापागाईं,

अध्यक्ष, जुरी-नेपाल

संयुक्त राष्ट्रसंघ मानवअधिकार समितिको निर्णय यहाँ उपलब्ध छ ।

http://www.redress.org/downloads/hrc-views-17-march-2017.pdf

**थप जानकारी लागिः**

ईभा साँचिज, रिड्रेसको सञ्चार प्रमुख, eva@redress.org or +44 (0)20 77931777; (English)

विकास बस्नेत, एड्भोकेसी फोरमको कार्यक्रम व्यवस्थापक, bikashhrd@gmail.co, 977-01- 01-4425561/4432309 (Nepali and English)

## पृष्ठभूमि जानकारी

नेपाल सन् १९९६ देखि २००६ सम्म सरकारी सुरक्षाफौज र माओवादी विद्रोहीहरूको आन्तरिक द्वन्द्वमा फसेको थियो । संयुक्त राष्ट्रसंघका निकायहरू तथा गैरसरकारी संस्थाहरूले मानवीय कानून तथा मानवअधिकार उल्लंघनका धेरै घटनाहरूको अभिलेखीकरण गरेका भएपनि यौन हिंसासम्बन्धी आँकडा दुर्लभ नै छ । तर उपलब्ध प्रमाणहरूले पीडित महिलाहरूको संख्या निकै ठूलो रहेको देखाउँछ ।

सन् २००९ मा इन्टरनेसनल सेन्टर फर ट्रान्जिसनल जस्टिस (आईसीटीजे) तथा एड्भोकेसी फोरम नेपालले एक वर्षको अध्ययन गर्दा यस्ता अपराधको उच्च व्यापकता रहेको संकेत गरेको थियो । सो अध्ययनको शीर्षक *अक्रस द लाइन्स* रहेको छ ।

महिलाहरूले अवाञ्छित गर्भाधानका साथसाथै स्त्रीरोग तथा मनोसामाजिक समस्या बेहोर्नुपरेको छ । उनीहरूको स्वास्थ्य सेवामा पहुँचका क्रममा आइपरेका अप्ठ्याराहरूले गम्भीर परिणामलाई थप चर्काएका छन् । धेरै पीडित महिलाहरूले ठूला सामाजिक, सांस्कृतिक तथा आर्थिक दबाबको सामना गर्नु परेको छ र उनीहरू आफ्ना परिवार तथा समुदायहरूबाट प्रायः एक्ल्याइएका पनि छन् ।

द्वन्द्वको समयमा बलात्कार तथा अन्य प्रकारका यौन हिंसाको व्यापक प्रयोग गरिएको भएपनि अपराधको उजुरी गर्नका लागि पहिलेको ३५ दिने हदम्यादले पीडितहरूलाई उजुरी दर्ता गराउनबाट बञ्चित गरेको थियो ।

सन् २०१५ को नोभेम्बरमा हदम्याद ३५ दिनबाट बढाएर १८० दिन पुऱ्याइयो । *सपना प्रधान मल्ल विरुद्ध नेपाल सरकार* तथा *परमादेश विरुद्ध नेपाल सरकार* लगायतका सर्वोच्च अदालतका फैसलापछि हदम्याद बढाइएको थियो ।

हेर्नुस् : नेपाल । *पेयिङ लिप सर्भिस टु जस्टिस : द न्युली अडप्टेड टीआरसी एक्ट ब्रीचेज इन्टरनेसनल ल एन्ड फ्लाउट्स द डिसिजन अफ द सुप्रिम कोर्ट अफ नेपाल* (सन् २०१४) अंग्रेजीमा http://www.redress.org/downloads/publications/1407trc-act-un-submission-af-trial-redress(june2014).pdf

र *जवाफदेहिताको कसीमा : नेपालमा दण्डहीनताविरुद्ध लड्न कानून कार्यान्वयन गराउने* (सन् २०११) अंग्रेजी र नेपालीमा

http://advocacyforum.org/downloads/pdf/publications/impunity/held-to-account-nov-30-2011-english-version.pdf

**एड्भोकेसी फोरम-नेपाल** देशमा विधिको शासनको प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको अनुपालन गराउनका लागि कार्यरत अग्रणी गैरसरकारी संस्था हो । सन् २००१ मा स्थापना भएदेखि एएफ मानवअधिकारको पैरवीको अग्रपंक्तिमा छ र नेपालमा जरा गाडेर बसेको दण्डहीनताको संस्कृतिको सामना गरिरहेको छ ।

**रिड्रेस** लन्डन तथा द हेगमा रहेको गैरसरकारी संस्था हो जसले यातना तथा सम्बन्धित अन्तर्राष्ट्रिय अपराधहरूका पीडितलाई न्याय तथा परिपूरण दिलाउने काम गर्छ । यसले केसवर्क, कानून सुधार, अनुसन्धान तथा पैरवी लगायत विभिन्न माध्यमबाट आफ्नो कार्यादेश पूरा गर्छ ।

**ट्रायल इन्टरनेसनल**ले पीडितहरूलाई कानूनी सहायता दिन्छ, मुद्दाहरू चलाउँछ, स्थानीय क्षमता बढाउँछ र मानवअधिकारको एजेन्डालाई अघि बढाउँछ ।

**जुरी-नेपाल** मानवअधिकारको संरक्षण र प्रवर्द्धनको क्षेत्रमा तथा नेपालमा सामाजिक न्याय र विधिको शासनलाई बलियो बनाउनका लागि काम गरिरहेको गैरसरकारी, गैरराजनीतिक तथा गैरनाफामुखी संस्था हो ।